प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## परीक्षा आवेदन फाराम बुझाउन म्याद थप गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७८।०३।२३)

परिषद्, परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७८।०१।०६ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा डिप्लोमा इन इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी, सूचना प्रविधि, होटल म्यानेजमेण्ट तथा सोसियल वर्क्स कार्यक्रम प्रथम बर्ष प्रथम खण्ड नियमित/आंशिक र बिशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम (दलित, मुसलमान, लोपोन्मुख जाति तथा भूकम्प प्रभावित) अन्तर्गत शैक्षिक शत्र २०७२/७३, २०७३/७४ र २०७४/७५ (ई.सं. २०१५, २०१६ र २०१७) देखि भर्ना भई रजिष्ट्रेशन भएका विद्यार्थीहरुले (प्रथम बर्ष प्रथम खण्ड, दोश्रो बर्ष प्रथम खण्ड र तेश्रो बर्ष प्रथम खण्डको **आंशिक** परीक्षा २०७८ जेष्ठ महिनामा संचालन गरीने कार्यक्रम भएकाले बिद्यार्थीहरुले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि म्याद तोकिएकोमा मुलुकमा नयां भेरियन्ट सहितको कोभिड १९ महामारीले गर्दा असहज स्थिति पैदा भएकाले उक्त परीक्षाहरुको आवेदन फाराम भर्न मुलुकमा सहजता भएपछि पुनः म्याद थप गरीने भनी यस कार्यालयको वेभसाइट www.ctevtexam.org.np मा मिति २०७८।०१।२० गते सूचना प्रकाशित गरिएको ।

हाल निषेधाज्ञा खुकुलो भएको तथा सार्वजनिक सवारी साधनहरु समेत संचालन हुन लागेको हुंदा उक्त परीक्षा आवेदन फारामहरु भर्न नियमित शुल्कको लागि यो सूचना प्रकाशित भएको मितिले १० दिन भित्र र बिलम्ब शुल्कको लागि नियमित शुल्कको अन्तिम मिति पछि ७ दिन भित्र फाराम बुझाउने गरी अन्य शर्तको हकमा मिति २०७८।०१।०६ गते प्रकाशित सूचना बमोजिम नै हुने गरी रितपुर्वकको आवेदन फाराम बुझाई तोकिएको म्याद भित्र आ-आफ्नो परिषद्, प्रदेश कार्यालयमा परीक्षा फाराम बुझाउनु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि उपलब्ध हुनेछ ।**

**परीक्षा नियन्त्रक**